**<u>सफलताको कथा</u>**

# सञ्जु चित्रकार, राकम सिम्ता ३ पुलबजार, सुर्खेत ।




सञ्जु चित्रकार महिला सहयात्रा माइक्रोफाइनान्स बित्तिय संस्था लि.को सदस्य भएको ७ महिना भएको छ । उहाँलाई व्यवसाय गर्न धेरै रहर थियो तर श्रीमान पनि बेरोजगार भएका कारण उहाँ निकै चिन्तामा हुनुहुन्थ्यो । जब उहाँ महिला सहयात्रा ले गठन गरेको केन्द्र नं. १२ को सदस्य भई व्यवसाय गर्नको लागी भनेर विना धितो साधारण कर्जा वापत रु. १ लाख लिनु भयो र फर्निचर व्यवसाय सुरु गर्नु भयो । व्यवसाय सुरु गरको दोश्रो महिनामा नै उहाँले लघु उद्यम कर्जा धितो बाट  ४ लाख रुपैया थप लिई लगानी गर्नु भयो । यस व्यवसायमा उहाँको श्रीमानको पनि पूर्ण सहयोग रहेको छ । अहिले उहाँको उक्त व्यवसाय फस्टाउदै गएको छ । काठवाट उत्पादन हुने बस्तुहरु जस्तै, कुर्चि , टेबल, दराज, पलङ, तयार गर्नका साथै अडर बमोजिमका सामाग्रीहरु तयार गरि बिक्री गर्दै आउनु भएको छ । हाल उक्त व्यवसाय बाट उहाँले मासिक ३५ देखि ४५ हजार सम्म फाईदा लिन सफल हुनु भएको छ । उहाँको फर्निचर व्यवसाय त्यस स्थानका लागी एउटा गतिलो उदाहरण बन्न सफल भएको छ । उहाँ भन्नुहुन्छ महिला सहयात्रा ले मलाई भिन्नै संसार दिएको छ । सोच्ने गर्दथे मैले कहिले यो सब गर्न सक्दछु ? तर आज यस संस्थाले मेरो सपना पुरा गरिदिएको छ त्यसैले परिवारको तर्फबाट यस संस्थालाई धन्यबाद दिन चाहन्छु ।



कर्मचारीको नाम   पार्वती बुढा